<u>मिति २०८२/०१/२९ गतेको गाउँ कार्यपालिकाको ११ औं बैठकमा पेश भएका प्रस्तावहरु</u>

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा | |
| २. | मासिक प्रगति समिक्षा सम्बन्धमा | |
| ३. | गाउँसभाको वर्षे अधिवेशन आह्वान सम्बन्धमा । | |
| ४. | आगामी आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा । | |
| ५. | कृषि मेला प्रदर्शनी व्यवस्थापन समिति गठन सम्बन्धमा । | |
| ६. | मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि आयोजना सिफारिस सम्बन्धमा । | |
| ७. | विद्युतको राष्ट्रिय प्रसारण लाईन विस्तार सम्बन्धमा । | |
| ८. | बाख्रा स्रोत केन्द्रका बुढा बाख्रा/खसी/बोका बिक्री सम्बन्धमा । | |
| ९. | कामकाजमा खटिएका शिक्षकको काज फिर्ता सम्बन्धमा । | |
| १०. | विविध | |

<u>मिति २०८२/०१/२९ गतेको गाउँ कार्य पालिकाको ११ औं बैठकबाट भएका निर्णयहरुः</u>

१. यस गाउँ कार्यपालिकाबाट यस अघि भएका बैठकका निर्णय कार्यान्वयनको प्रगति समिक्षा गरियो ।

२. यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को बैशाख महिनासम्मको प्रगति अवस्थाको समिक्षा गरियो ।

३. गाउँसभाको १७ औं अधिवेशन मिति २०८२ जेष्ठ २३ गते आह्वान गर्ने ।

४. आगामी आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमा सुरु गर्न वडा समिति र विषयतग समितिलाई निर्देशन गर्ने ।

५. यस भगवतीमाई गाउँपालिका अन्तर्गत कृषि मेला तथा प्रदर्शनी सञ्चालन समिति देहाय बमोजिम गठन गर्ने ।

<u>तपसिल</u>

| क्र.सं. | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री मिनाकुमारी खड्का | उपाध्यक्ष | - संयोजक |
| २. | श्री ईन्द्रबहादुर थापा | वडा अध्यक्ष, वडा नं. १ | - सदस्य |
| ३. | श्री दिपक रावत | वडा अध्यक्ष, वडा नं. २ | - सदस्य |
| ४. | श्री देवलोक अधिकारी | वडा अध्यक्ष, वडा नं. ४ | - सदस्य |
| ५. | श्री गणेशप्रसाद शर्मा | वडा अध्यक्ष, वडा नं. ६ | - सदस्य |
| ६. | श्री रञ्जना भण्डारी | कार्यपालिका सदस्य | - सदस्य |
| ७. | डा. अञ्जली थापा मगर | पशु सेवा केन्द्र | - सदस्य |
| ८. | श्री विकासबहादुर जि.सी. | आर्थिक तथा सामाजिक विकास शाखा प्रमुख | - सदस्य |

| क्र.सं. | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| ९. | श्री धर्मराज अधिकारी | सब ईन्जिनियर | - सदस्य |
| १०. | श्री प्रेमबहादुर खड्का | नायब सुब्बा | - सदस्य |
| ११. | श्री लोकराज जोशी | कृषि सेवा केन्द्र | - सदस्य सचिव |

६. यस भगवतीमाई गाउँपालिका वडाबाट प्राथमिकीकरण एंव छनौट भई आएका आगामी आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने देहायका आयोजना तथा कार्यक्रम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेतमा सिफारिस गरी पठाउने ।

तपसिल

| क्र.सं. | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | मुहानखोला देखि देउला खोला सिचाइ कुलो निर्माण । | वडा नं. १, पगनाथ | |
| २. | लोद आरसिन हुँदै जोगिमारे सिँचाइ कुलो निर्माण र लाटबडे देखि ढाँणगाँउ सिँचाइ कुलो निर्माण । | वडा नं. २, रुम | |
| ३. | मेहेलतोली र डाँडा कटेरा सिंचाइ पोखरी निर्माण । | वडा नं. ३, मेहेलतोली | |
| ४. | वुका खोली ध्याप- पारी कैनतडा तटवन्ध । | वडा नं. ४, तुर्सु | |
| ५. | मलुका थुवा प्रा वि बडालेख झुल्ला हुँदै चाख्ला सम्म पदमार्ग तथा सिडि निर्माण । | वडा नं. ५, कट्टी | |
| ६. | चिपिन नयाँ बस्ति सिचाइ पोखरी, काप्रा सिचाइ पोखरी, फर्सा कट्टि सिचाइ पोखरी निर्माण र पुरानो पोखरी घेराबार चिपिन । | वडा नं. ६, चिपिन | |
| ७. | खोर पानीमुल सिंचाई पोखरी र सुगरखाल सिंचाई पोखरी निर्माण (तप्लुङ्ग) | वडा नं. ७, वडाभैरव | |

७. यस गाउँपालिका अन्तर्गत वडा नं. १ र ७ मा विद्युतको राष्ट्रिय प्रसारण लाईन विस्तारको लागि नेपाल विद्युत प्राधिकरण आयोजना प्रस्ताव पेश गर्ने ।

८. यस भगवतीमाई गाउँपालिका वडा नं. १ मा सञ्चालित बाख्रा स्रोत केन्द्र रहेका बाख्रा/खसी/बोकाको अवस्था एंव प्रगति प्रतिवेदन तयार गरी आवश्यक राय एंव सुझावको लागि देहाय बमोजिम समिति गठन गर्ने ।

| क्र.सं. | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री गणेशप्रसाद शर्मा | उपाध्यक्ष | - संयोजक |
| २. | श्री ईन्द्रबहादुर थापा | वडा अध्यक्ष, वडा नं. १ | - सदस्य |
| ३. | श्री विकासबहादुर जि.सी. | शाखा अधिकृत | - सदस्य |
| ४. | श्री लोकराज जोशी | कृषि अधिकृत | - सदस्य |
| ५. | डा. अञ्जली थापा मगर | पशु चिकित्सक | - सदस्य सचिव |

९. यस भगवतीमाई गाउँपालिका अन्तर्गत श्री सरस्वती प्राथमिक विद्यालय बागडाँडामा स्थायी दरबन्दी रही श्री ज्वाला माध्यामिक विद्यालय बेस्तडामा कामकाज रहेका शिक्षक श्री डिककुमारी विश्वकर्माको दरबन्दी रहेकै विद्यालयमा काज फिर्ता गर्ने ।

<u>**भिन्न मत**</u>

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |